आज मिति २०८२/०५/२२ गते व्यास नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा २२३ औं नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री बिष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |

**अन्य उपस्थिति**

| | | |
|---|---|---|
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१ मिति २०८२।०५।०८ गतेको नगर कार्यापालिका बैठकका निर्णय र सेवा प्रवाहको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२ ढुङ्गा गिट्टी वालुवाको टेण्डर सम्बन्धमा ।
प्रस्ताव नं.३ माहेन्द्री राजमार्ग र दमौली केशवटार मार्गमा गुनासो सुनुवाई समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.४ स्वास्थ्य संस्था भवन निर्माणको योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.५ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.६ टेण्डर प्रकृया पुरा भएका विभिन्न टेक्काहरु स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७ किसान सूचीकरण प्रकृया अघि बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.८ नापी कार्य सम्पन्न भएका वडाहरुमा जग्गाधनी प्रमाणपूर्जा वितरण सम्बन्धमा ।
प्रस्ताव नं.९ वडा दशै २०८२ को शुभकामना तथा सरसफाई सम्बन्धमा ।
प्रस्ताव नं.१० व्यास ५ र म्याग्दे १ जोड्ने झोलुङ्गेपुल सम्बन्धमा ।
प्रस्ताव नं.११ शिक्षक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१२ प्रधानाध्यापक नियुक्तिको अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१३ विद्यालय समायोजन सम्बन्धमा ।
प्रस्ताव नं.१४ व्यास नगरपालिकालाई सडक बालबालिका मुक्त नगर घोषणा गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५ राष्ट्रिय बाल दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.१६ दरबन्दी स्थानान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.१७ व्यास नगर समता विद्यालयको चौकीदार सम्बन्धमा ।
प्रस्ताव नं.१८ शिक्षा दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.१९ विद्यालयको सुपरीवेक्षण, शिक्षकको निरन्तर सिकाइ र मेन्टरिङ्ग सम्बन्धमा ।
प्रस्ताव नं.२० स्थानीय पाठ्यक्रमको छपाइ र निर्देशिका सम्बन्धमा ।
प्रस्ताव नं.२१ आयुर्वेदिक औषधी खरिद सम्बन्धमा ।
प्रस्ताव नं.२२ अध्ययन बिदा सम्बन्धमा ।
प्रस्ताव नं.२३ वडा नं.४ को वडास्तरीय योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२४ शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२५ गण्डकी प्रदेश अन्तर्गतको सिन्धु मार्गको ट्र्याक परिवर्तन सिफारिस सम्बन्धमा ।
प्रस्ताव नं.२६ विपद्जन्य र अत्यावश्यक कार्यमा बजेट व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२७ बृहत्तर बैरेनी जग्गा विकास आयोजना सम्बन्धमा ।
प्रस्ताव नं.२८ कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/५/८ गते व्यास नगर कार्यपालिकाको २२२ औं बैठकले गरेका निर्णयहरु कार्यान्यनको अवस्था र व्यास नगरपालिका कार्यालय र अन्तर्गतका कार्यालयहरुले प्रवाह गरेको अवस्थाका बिषयमा समीक्षा गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८२र०८३ का लागी मादी तथा सेती नदी घाट अन्तर्गत नदीजन्य पदार्थ उत्खनन् तथा बिकीका लागी प्रारम्भिक वातावरणीय प्रतिवेदन बमोजिम स्थलगत अध्ययन गरी तपशिल बमोजिमको प्राविधिक प्रतिवेदन प्राप्त भएको हुँदा उक्त प्रतिवेदन स्वीकृत गरी प्रतिवेदनले निर्धारण गरेको तपशिल बमोजिमको परिमाण अनुसार यस कार्यालयको आर्थिक ऐन २०८२ ले तोकेको दरको आधारमा चापाघाट मादीको पक्की पुलदेखि कलेस्ती पुलसम्मको खण्ड (क) र कलेस्ती झोलुङ्गे पुलदेखि मादी नदीको शिशाघाट पक्की पुलसम्मको खण्ड (ख) लाई एउटै खण्ड मानी तपशिल बमोजिम बोलपत्र आव्हान गर्नका लागि कार्यपालिका बैठक समक्ष सिफारिस भई आएकोले तपसिल बमोजिम हुने गरी सर्वसम्मत निर्णय गरियो ।

| क.सं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घनफिट) | न्यूनतम बोलपत्र रकम (कर बाहेक) |
|---|---|---|---|
| १ | मादी नदीको ढुङ्गा, गिटी, वालुवा -चापाघाट मादीको पक्की पुलदेखि शिशाघाट पक्की पुलसम्म) | ३९३३८१७४९ | २,७५,३६,७२२।४३ |

| | | | |
|---|---|---|---|
| २ | मादी/सेती नदीको ढुङ्गा, गिटी, वालुवा व्यास १३, १४ (निउरोघारीदेखि खहरे डाढखोलासम्म | १०३५३१२।७२ | ७२,४७,१८९।०४ |
| | | जम्मा | ३,४७,८३,९११।४७ |

**निर्णय नं.३**

प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा विश्व बैंकको सहयोगमा शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत दोस्रो चरणमा स्तरोन्नतिको लागि प्रस्ताव गरिएका मार्गहरु (माहेन्द्री मार्ग व्यास ५ र ६ र केशवटार मार्ग सडक मार्ग व्यास १३ र १४) को लागि निर्माण अघि र निर्माणको क्रममा कुनै प्रकारको समस्या तथा गुनासोहरु आएमा समस्या समाधानको लागि आयोजनाको मापदण्ड अनुसार प्रथमतहको गुनासो सुनुवाई समिति (GRC) गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| | | | |
|---|---|---|---|
| **माहेन्द्री मार्ग स्तरोन्नति योजना व्यास ५ र ६** | | | |
| १ | संयोजक | श्री जीवन गुरुङ | वडाध्यक्ष व्यास ६ |
| २ | सदस्य | श्री बिष्णुकुमार श्रेष्ठ | वडाध्यक्ष व्यास ५ |
| ३ | सदस्य | श्री सूर्यकान्त काफ्ले | वडा सदस्य |
| ४ | सदस्य | श्री कमल राना | प्रभावित क्षेत्रको टोल अध्यक्ष |
| ५ | सदस्य | श्री सुमित वाग्ले | वडा प्राविधिक |
| ६ | सदस्य सचिव | श्री विष्णु पाठक | इन्जिनियर DSC |
| **केशवटार मार्ग स्तरोन्नति योजना व्यास १३ र १४** | | | |
| १ | संयोजक | श्री काजिमान श्रेष्ठ | वडाध्यक्ष व्यास ६ |
| २ | सदस्य | श्री बसन्त आले | वडाध्यक्ष व्यास ५ |
| ३ | सदस्य | श्री दुर्गाबहादुर आले | वडा सदस्य |
| ४ | सदस्य | श्री रामकुमार पन्थ | प्रभावित क्षेत्रको टोल अध्यक्ष |
| ५ | सदस्य | श्री हेमलाल दरै | वडा प्राविधिक |
| ६ | सदस्य सचिव | श्री विष्णु पाठक | इन्जिनियर DSC |

**निर्णय नं.४**

प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा आगामी नगर सभाबाट अनुमोदन हुने गरी व्यास नगरपालिकाको आ.व.२०८२/०८३ को योजना पुस्तिका (रातो किताब) को सि.नं.९२५ मा रहेको रिस्ती ८ स्वास्थ्य चौकी भवन निर्माणको नाम परिवर्तन गरी रिस्ती आयुर्वेद औषधालय योग भवन कायम गरी उक्त भवन वडा नं.८ मै रहेको रिस्ती आयुर्वेद औषधालयको जग्गामा निर्माण गर्ने र सि.नं.९४२ मा रहेको वेल्टारी शहरी स्वास्थ्य केन्द्र भवन निर्माणको नाम परिवर्तन गरी वेल्टारी सामुदायिक भवन कायम गरी व्यास ११ साविक तनहुँ प्रा.वि.को नाममा रहेको जग्गामा भवन निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.५**

प्रस्ताव नं.५ माथि छलफल गर्दा व्यास नगरपालिका अन्तर्गत जम्मा ७९६० सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही मध्ये ७४९१ ले नवीकरण गर्नुभएको र ४६९ बाँकी रहेको अभिलेख बैठकमा पेश भएकाले २०८२ भाद्र मसान्तसम्म ०८२।८३ का लागि नवीकरण गर्न र बैक खाता खोल्न र खाता व्यवस्थित गर्नुपर्ने ७० जना देखिँदा सम्बन्धित वडाहरुलाई सहजीकरण गर्न गराउन निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.६**

प्रस्ताव नं.६ माथि छलफल हुँदा ठेक्का स्वीकृत सम्बन्धमा विभिन्न आय ठेक्का/खरिद सम्बन्धी ठेक्काहरु सञ्चालनको लागि बोलपत्र/दरभाउपत्र आब्हान गरिएकोमा दर्ता हुन आएका विभिन्न फर्म/व्यक्तिका

बोलपत्र/दरभाउपत्र मध्ये न.पा. मूल्यांकन समितिको सिफारिसमा तपशिल बमोजमका टेन्डर प्रकृया पूरा भएका देहाय बमोजिमका ठेक्काहरु स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

| सि. नं | योजनाको नाम | ठेक्का नं. | फर्म/व्यक्तिको नाम | कबोल रकम (कर बाहेक) |
|---|---|---|---|---|
| १ | छाब्दी बसपार्क पार्किङ शुल्क संकलन गर्ने कार्य | Re1/REV/VYASMUN/02/ 2082.083 | श्री बसन्धरा कंडेल पन्थ व्यास १४ | ३,१५,०००।०० |
| २ | घुम्ती शौचालय भाडामा लगाउने कार्य | REV/VYASMUN/02/ 2082.83 | श्री सोमबहादुर अछामी भिमाद तनहुं | ३६,५००।०० |
| ३ | व्यास नगर अस्पतालमा स:शुल्क फार्मेसी संचालनको लागि औषधी खरिद गर्ने कार्य | 1/HEALTH/VYASMUN/08 2.083 | श्री समुन्द्र मेडिको फर्मा बुटवल रुपन्देही | ४,२३,५७४।३० |
| ४ | व्यास नगरपालिका क्षेत्रभित्र उत्पादन/प्रशोधन भई अन्यत्र लैजांदा लाग्ने वातावरण शुल्क उठाउने | REV/VYASMUN/03/ 2082.083 | श्री एक्सन विल्डर्स प्रा.लि. व्यास ५ तनहुं | १,०६,५३,२००।०० |

**निर्णय नं.७**

व्यास नगरपालिका वडा नं.१, ४, ७, ८ मा यस आर्थिक वर्षमा किसान सूचीकरण प्रकृया अघि बढाउने गरी उपप्रमुख श्री इन्दिरा दरैको संयोजकत्वमा सम्बन्धित वडा अध्यक्षहरु संलग्न रहने गरी समन्वय समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| | |
|---|---|
| संयोजक | -नगर उपप्रमुख |
| सदस्य | -प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | -वडाको वडाध्यक्ष वडा नं.१, ४, ७ र ८ |
| सदस्य | -कृषि, पशुपंक्षी तथा सहकारी विकास शाखा प्रमुख |
| सदस्य सचिव | -कृषि अधिकृत, कृषि विकास उपशाखा |

**निर्णय नं.८**

प्रस्ताव नं.८ माथि छलफल गर्दा व्यास नगरपालिका वडा नं.११, १२, १३ र १४ का जग्गा नापी कार्य सम्पन्न भइसकेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गर्ने प्रकृया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.९**

प्रस्ताव नं.९ माथि छलफल गर्दा यस वर्ष २०८२ सालको वडादशै, शुभदीपावली लगायतका चाडपर्वहरु प्रारम्भ भएकाले सम्पूर्ण नगरवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै सम्बन्धित वडाहरुको पहलमा वडावडामा मूल सडक गोरेटो बाटोहरु सरसफाई गर्ने एवं सरसफाई शाखा र नगर प्रहरी समेतको पहलमा मुख्य बजार क्षेत्रमा सरसफाई गर्ने र कार्यालयको शान्ति सुरक्षाको व्यवस्थापन लगायत विशेष सहयोग पुर्याउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१०**

प्रस्ताव नं.१० माथि छलफल गर्दा व्यास ५ र म्याग्दे १ जोड्ने झोलुङ्गे पुल निर्माणको प्रकृया अघि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.११**

प्रस्ताव नं.११ माथि छलफल हुँदा,

क) निर्मल माध्यमिक विद्यालय व्यास-१ मा रिक्त रहेको माध्यमिक तह सामाजिक विषयको दरबन्दीमा जनजागृति गंगा माध्यमिक विद्यालय व्यास-१३ मा माध्यमिक तह तृतीय श्रेणी सामाजिक विषयमा कार्यरत शिक्षक मिनु सेन्च्युरीलाई कामकाजमा खटाउने ।

ख) जनजागृति गंगा माध्यमिक विद्यालय व्यास-१३ मा माध्यमिक तह सामाजिक विषयको दरबन्दीमा केशवटार माध्यमिक विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीमा कार्यरत उषा थापा थापालाई कामकाजमा खटाउने र केशवटार माध्यमिक विद्यालयमा रिक्त हुने माध्यमिक तहको सामाजिक विषयको दरबन्दीमा नियमानुसार सरुवा विज्ञापन गर्ने ।

ग) सम्बन्धित विद्यालयको समन्वयमा चण्डेश्वरी आधारभूत विद्यालय व्यास-११ बाट प्राथमिक तहको एक जना शिक्षक बसन्त आधारभूत विद्यालय व्यास-११ मा र बसन्त आधारभूत विद्यालय व्यास -११ बाट एक जना प्राथमिक तहको शिक्षक अमरज्योति माध्यमिक विद्यालय व्यास-१२ मा कामकाजमा खटाउने ।

**निर्णय नं.१२**

देहाय बमोजिमको प्रधानाध्यापक नियुक्तिको अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

यस नगरपालिका अन्तर्गत सञ्चालित तपसिलका सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्तिका लागि छनौट समिति तथा सम्बन्धित विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएबमोजिम निम्नानुसारका शिक्षकहरुको प्रधानाध्यापक पदको नियुक्ति अनुमोदन गर्ने ।

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | सिफारिस भई आएको प्र.अ.को नाम |
|---|---|---|---|
| १. | श्री महर्षि वेदव्यास संस्कृत मा.वि. व्यास-३ | १-१२ | श्री चेतनारायण लामिछाने |
| २. | श्री शिव माध्यमिक विद्यालय व्यास-१० | १-१० | श्री रामप्रसाद सापकोटा |
| ३. | श्री अमर प्राथमिक विद्यालय व्यास-६ | १-५ | श्री मनिषा श्रेष्ठ |

**निर्णय नं.१३**

प्रस्ताव नं.१३ मा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ स्थित पद्म प्राथमिक विद्यालयमा विद्यार्थी संख्या ज्यादै न्यून भएकोले नजिकैको जनजुक्त शाही माध्यमिक विद्यालय व्यास ५ मा समायोजन गर्ने र उक्त विद्यालयको जिन्सी तथा नगद सम्पति सम्बन्धित वडा कार्यालयको समन्वय तथा रोहवरमा जनजुक्त शाही माध्यमिक विद्यालय व्यास ५ मा स्थानान्तरण गर्ने निर्णय गरियो । साथै पद्म प्राथमिक विद्यालयमा कार्यरत प्रारम्भिक बालबाल विकास सहजकर्ता र विद्यालय सहयोगीलाई जनजुक्त शाही माध्यमिक विद्यालय व्यास ५ मा स्थानान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१४**

प्रस्ताव नं.१४ माथि छलफल गर्दा व्यास नगरपालिका अन्तर्गतका १४ वटै वडाहरुलाई सडक बालबालिका मुक्त वडा घोषणा गर्नका लागि आवश्यक कार्यहरु गर्न १४ वटै वडा कार्यालयहरुलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१५**

प्रस्ताव नं.१५ माथि छलफल गर्दा राष्ट्रिय बाल दिवस २०८२ को अवसरमा यस नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुको सहभागितामा प्रतिभा प्रस्फुटन कार्यक्रम मार्फत बाल अधिकार र प्रतिभा प्रस्तुत गरी मिति २०८२।०५।२९ गते निर्मल माध्यमिक विद्यालय व्यास-१ मा बालबालिकाहरुको अन्तर्निहित प्रतिभा प्रस्फुटन कार्यक्रम सञ्चालन गरी मनाउने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१६**

प्रस्ताव नं.१६ माथि छलफल गर्दा माहेन्द्री आभारभूत विद्यालय व्यास-६ मा प्राथमिक द्वितीय श्रेणीका शिक्षक तीर्थबहादुर गौली मिति २०८२।०५।१६ गतेबाट अनिवार्य अवकास भई रिक्त रहेको दरबन्दीलाई रत्नज्योति आधारभूत विद्यालय व्यास-६ मा स्थानान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.१७**

प्रस्ताव नं.१७ माथि छलफल गर्दा व्यास नगर समता विद्यालय व्यास-७ मा रिक्त रहेको सुरक्षाकर्मी पदमा छनौट समितिको सिफारिस बमोजिम व्यास-९ का सुजन कुमाललाई सुरक्षाकर्मी पदमा छनौट गरी मिति २०८२।०४।२८ गतेबाट करार सम्झौता गरी कामकाजमा खटाएकोमा उक्त निर्णय सर्वसम्मत अनुमोदन गरियो ।

**निर्णय नं.१८**

प्रस्ताव नं.१८ माथि छलफल गर्दा शिक्षा दिवस २०८२ को अवसरमा यस नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागितामा "ज्ञान, विज्ञान, सीप, उद्यम र मौलिकताः साझेदारी र प्रणालीगत सक्षमता" भन्ने आदर्श वाक्यका साथ राष्ट्रिय शिक्षा दिवस २०८२ मिति २०८२।०६।०२ गते दमौली सभागृह हलमा भव्यताका साथ विविध कार्यक्रम गरी तपसिलका विधामा विद्यालय, शिक्षक, विद्यार्थी सम्मान तथा पुरस्कृत गरी राष्ट्रिय शिक्षा दिवस मनाउने निर्णय गरियो । साथै तपसिलको विवरण तथा कार्यक्रम व्यवस्थापनको तयारी गर्न शिक्षा, युवा तथा खेलकुद शाखालाई जिम्मेवारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | विधा | सम्मान तथा पुरस्कार |
|---|---|---|
| १ | शैक्षिक सत्र २०८१ को कक्षा ५,८, १० र १२ को वार्षिक परीक्षामा उत्कृष्ट जि.पि.ए. प्राप्त गर्ने छात्र/छात्रा | नगद पुरस्कार फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| २ | शैक्षिक सत्र २०८१ को कक्षा १० र १२ को वार्षिक परीक्षामा सबैभन्दा धेरै प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने सामुदायिक विद्यालय (विद्यार्थी संख्या कम्तीमा २० जना हुनुपर्ने) | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ३ | शैक्षिक क्षेत्रमा सहयोगी संघ/संस्था | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ४ | शैक्षिक क्षेत्रमा उल्लेखनीय कार्य गर्ने समिति | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ५ | शैक्षिक सत्र २०८१ को कक्षा १० र १२ को वार्षिक परीक्षामा आफुले अध्यापन गराउने विषयमा १०० प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने शिक्षक (गणित र विज्ञान विषयको हकमा ९० प्रतिशत भन्दा बढी उत्तीर्ण गराउने शिक्षक) सामुदायिक तथा संस्थागत विद्यालय दुवैको । | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ६ | कक्षा ८ मा विषयगत रुपमा उत्कृष्ट जि.पी. प्राप्त गर्ने विद्यार्थी तथा अध्यापन गर्ने शिक्षक | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ७ | शैक्षिक सत्र २०८१ असोज महिनादेखि हालसम्म स्थायी सेवाबाट अवकास भएका निवृत्त शिक्षक | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ८ | विद्यालयहरुमा शिक्षकहरुले प्रयोग गर्नुभएको शिक्षक पाठयोजना डायरी मध्ये उत्कृष्ट शिक्षक पाठयोजना डायरी प्रयोगकर्ता | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ७ | विद्यालयहरुमा शिक्षकहरुले प्रयोग गर्नुभएको मूल्याङ्कन अभिलेखीकरण पुस्तिका मध्ये उत्कृष्ट प्रयोगकर्ता | फ्रेम सहित प्रमाण पत्र र दोसल्ला |
| ८ | स्थायी सेवा ३० वर्ष पूरा गरेका शिक्षकहरुलाई दीर्घ सेवा पदक सहित | फ्रेम सहित प्रमाण पत्र, दोसल्ला र दीर्घसेवा पदक |
| ९. | २५ वर्ष सेवा पूरा गरेका बालविकास सहजकर्ताहरुलाई दीर्घ सेवा पदक सहित | फ्रेम सहित प्रमाण पत्र, दोसल्ला र दीर्घसेवा पदक |
| १० | सबैभन्दा धेरै सेवा गर्ने विद्यालय कर्मचारी | फ्रेम सहित प्रमाण पत्र, दोसल्ला र दीर्घसेवा पदक |

**निर्णय नं.१९**

प्रस्ताव नं.१९ माथि छलफल गर्दा विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोग तथा मेन्टरिङ पद्दतिको कार्यान्वयनका लागि विषयगत समिति तथा विषयविज्ञ रोष्टर समिति निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

- संयोजक : श्री केदारराज आचार्य उपसचिव प्रमुख शिक्षा युवा तथा खेलकुद शाखा
- सदस्य : श्री नवीन पराजुली शिक्षा अधिकृत व्यास न.पा.
- सदस्य : श्री रामचन्द्र पोखरेल (अंग्रेजी विषय) प्र.अ. चण्डिदेवी राष्ट्रिय मा.वि.
- सदस्य : श्री अनिल श्रेष्ठ (गणित विषय) शिक्षक सत्यवती मा.वि.
- सदस्य : श्री पितामबर सिग्देल (विज्ञान विषय) प्र.अ. जलदेवी मा.वि
- सदस्य : श्री विर बहादुर गुरुङ (सामाजिक विषय) शिक्षक बाराही मा.वि.
- सदस्य : श्री रुक्मणि पौडेल (नेपाली विषय) शिक्षक सत्यवती मा.वि.
- सदस्य : श्री भरत काफ्ले (स्थानीय विषय) शिक्षक शिव पाञ्चायन मा.वि.
- सदस्य सचिव : श्री किशोर बास्तोला सहायक शिक्षा अधिकृत व्यास न.पा.

(आवश्यकता अनुसार समितिले अन्य विषयको विज्ञ आमन्त्रण गर्न सक्नेछ)

**निर्णय नं.२०**

प्रस्ताव नं.२० माथि छलफल गर्दा व्यास नगरपालिका अन्तर्गतका विद्यालयहरुमा हाल कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रम हाम्रो व्यासनगर शिक्षा सहजीकरणका लागि शिक्षक निर्देशिका लेखनका लागि खटिने व्यक्तिहरुलाई पारिश्रमिक, खाजा तथा मसलन्द खर्च व्यवस्थापन र छपाईका लागि आ.व.०८२/०८३ को रातो किताव सि.नं.९८ खर्च शीर्षक २२३१३ बाट व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२१**

प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालय अन्तर्गत रहेका ३ वटा आयुर्वेद औषधालयहरु (केशवटार, रिस्ती र शिशाघाट) बाट निःशुल्क वितरण गरिने औषधीको अभाव हुन नदिन आयुर्वेद औषधालयबाट उपलब्ध गराइने २३ प्रकारका अत्यावश्यक तथा नियमित सञ्चालन गरिने कार्यक्रमका लागि आवश्यक औषधी खरिद व्यवस्थापनका लागि सिंहदरवार वैद्यखाना (नेपाल सरकार) बाट खरिद गर्न मिल्ने औषधीहरु खरिद गर्ने र त्यहाँ उपलव्ध हुन नसक्ने औषधीहरु अन्य बाहिरका उत्पादक कम्पनीहरुबाट नियमानुसार खरिद गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.२२**

प्रस्ताव नं.२२ माथि छलफल हुँदा यस नगरपालिका वडा नं.१३ मा रहेको पोखरीभञ्याङ् स्वास्थ्य चौकी अन्तर्गत कार्यरत अनमी श्री अर्चना सेढाईको विभिन्न कारणले अध्ययन कार्य पुरा हुन अझै समय बाँकी रहेकोले गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम १११(४) बमोजिम २०८२ चैत्र १८ गतेसम्मको लागि अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३**

प्रस्ताव नं.२३ माथि आ.व.२०८२।८३ को बजेट शीर्षक नं.२०६ खर्च शीर्षक २२६१२ अन्तर्गत अवलोकन भ्रमणका लागि विनियोजित रकम रु.२५००००। दुई लाख पचास हजारलाई वडाको निर्णय एवं सिफारिसका

आधारमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी जेष्ठ नागरिक व्यायमशाला निर्माण गर्ने योजनामा परिवर्तन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२४**

प्रस्ताव नं.२४ माथि छलफल गर्दा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको आ.व.२०८२।०८३ को कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार चालु आ.व. को स्वीकृत कार्यक्रम विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित अनुदान अन्तर्गत विद्यालयमा भर्चुअल शिक्षण इलर्निङ पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालनका लागि शीर्षकमा यस नगरपालिका अन्तर्गतका विद्यालयहरुको लागि प्रति विद्यालय रु.१० लाखका दरले ३ कार्यक्रम ३ वटा विद्यालयहरुका लागि अनुदान रकम विनियोजन भई आएकोले तपसिलको विद्यालयहरुलाई उल्लेखित कार्यक्रम उपलब्ध गराउने निर्णय गरियो

जम्मा प्राप्त कार्यक्रम : ३

| क्र.सं. | विद्यालयको नाम | कार्यक्रम | रकम रु. |
|---|---|---|---|
| १ | श्री क्यामिन मा.वि. व्यास-७<br>श्री केशवटार मावि व्यास १४ | विद्यालयमा भर्चुअल शिक्षण इलर्निङ पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | १०,००,०००।— (प्रति कार्यक्रम प्रति विद्यालय) |

**निर्णय नं.२५**

प्रस्ताव नं.२५ माथि छलफल गर्दा प्रस्ताव नं २५ का सम्वन्धमा व्यास नगगररपालिका वडा नं ५ अन्तरगत साँगे खोलाको पुल वारीका जग्गाधनी श्री दिपेन्द्रकेशरी न्यौपाने र श्री विद्यूत केशरी न्यौपानेले आफ्ना जग्गाहरुबाट गएको सिन्धुमार्ग लगत कट्टा भएको जग्गाबाट नगइ व्यक्तिगत जग्गामा परेको हुँदा ट्र्याक परिवर्तन गरिपाउँ भनी दिनुभएको निवेदन उपर छलफल हुँदा प्रदेश अन्तरगतको बाटो हुँदा प्रदेश पूर्वाधार कार्यालय तनहुँ मार्फत गण्डकी प्रदेश सरकारमा आवश्यकीय सहयोगका लागि सिफारिश गरी पठाउने सर्वसम्मत निर्णय गरिन्छ ।

**निर्णय नं.२६**

प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका विभिन्न शाखाका प्रस्ताव एवं नगरवासीका सम्बन्धित वडा मार्फत प्राप्त निवेदनहरुमा विपद्जन्य र अन्य अत्यावश्यक कार्यमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी निम्नानुसारको बजेट शीर्षकबाट रकम विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | दमौली घाटमा चौतार मर्मत शौचालय निर्माण | ३ | ४ लाख | ९७८ |
| २ | कल्पना श्रेष्ठको भैसी मृत्यु राहत | ४ | २० हजार | विपद् |
| ३ | आइतबहादुर बोटे खानेपानी पाइप खरिद समेत | ५ | १६ हजार | ८७६ |
| ४ | कन्टार चापाघार खानेपानी पाइप पुनर्स्थापना | ५ | ३ लाख | ८७६ |
| ५ | पूर्ण अपाङ्गता शिवलाल श्रेष्ठ विद्यूतीय ह्वील चियर खरिद | ६ | ४० हजार | १०१ |
| ६ | शिशाघाट महिला सञ्जालबाट आयोजित तीज गीत कार्यक्रम व्यवस्थापन | ६ | ५० हजार | ११६ |

| | | | | |
|---|---|---|---|---|
| ७ | विफ्रे नरङ्गाफाँट खानेपानी योजना सामग्री चोरी पुनर्स्थापना | ७ | ७० हजार | ८७६ |
| ८ | रश्मी सार्की राहत | ९ | ५ हजार | विपद् |
| ९ | दुम्सीकोट ऐतिहासिक कालिका मन्दिर पुनर्स्थापन | १० | १ लाख | ९७८ |
| १० | हिमपानी टोल खानेपानी व्यवस्थापन | १० | २ लाख | ८७६ |
| ११ | वेलवास सुधार समिति युवा सचेतना कार्यक्रम | १३ | ५० हजार | ७२ |
| १२ | आदिकवि भानुभक्त क्याम्पसद्वारा वडा नं ५ नेपालटारमा आयोजित सामुदायिक स्वास्थ्य सचेतना तथा निशुल्क स्वास्थ्य शिविर | ५ | | १२४ |
| १३ | जेष्ठ नागरिक मिलन केन्द्र दिवाकालीन सेवा व्यवस्थापन | ३ | २ लाख | १०४ |
| १४ | कलेस्ती प्रहरी चौकी मौलापूजा व्यवस्थापन | ७ | २० हजार | ७२ |

**निर्णय नं.२७**

प्रस्ताव नं.२७ माथि छलफल हुँदा, नेपाल सरकार शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, भौतिक योजना शाखाबाट चालु आ.व.२०८२।८३ मा तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं.१० मा बृहत्तर बैरेनी जगगा एकीकरण आयोजनाको संभाव्यता अध्ययन एवं व्लक प्लान तर्जुमा गरी स्वीकृतिका लागि पेश गर्ने कार्य स्वीकृत कार्यक्रममा रहेको भनी सोसँग सम्बन्धित प्रस्तावित स्थानको क्षेत्रफल कार्यक्रम सञ्चालन हुने वस्तीहरु र चार किल्लाको विवरण साथै एक जना Focal Person नाम र सम्पर्क नं. माग भै आएकोले माग भए अनुसारको विवरण तथा सम्पर्क व्यक्तिको रुपमा यस कार्यालयका इन्जिनियर रविन्द्र लाल मूललाई तोकी पठाइएको हुनाले सो निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं.२८**

प्रस्ताव नं.२८ माथि छलफल गर्दा यस कार्यालयमा रोजगार सेवा शाखा अन्तर्गत प्राविधिक सहायक पदमा कार्यरत श्री सन्देश मिश्रको रोजगार सेवा तर्फको बजेट निकाशा नहुने भनी संघीय सरकारबाट जानकारी प्राप्त हुन आएकोमा निजको कार्यक्षमतालाई मध्यनजर गर्दै यस कार्यालय अन्तर्गत वडा नं.११ मा रिक्त सव इन्जिनियर पदमा यस नगरपालिकाको आन्तरिक स्रोतबाटै खर्च व्यवस्थापन हुने गरी २०८२ श्रावण १ गतेदेखि लागू हुने गरी निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

***